# विनियोजन विधेयक

मष्टा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

७ नं. प्रदेश, भातेखोला, बझाङ्ग

२०७४

# मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७४।२०७५ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावना:</u> मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मष्टा गाउँसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम मष्टा गाउँपालिकाको विनियोजन ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गते देखि लागू हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u> (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु.२७,८१,२७,१६६।४०।- (अक्षेरुपी सत्ताईस करोड एकासी लाख सत्ताईस हजार एक सय छैसठ्ठी रुपैया पैशा चालिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजन:</u> (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त मष्टा गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने

शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याँज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३६९२४४३२ | १०६९५०१०७ | | १४३८७४५३९ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | ७४३४९१९० | | ७४३४९१९० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **जम्मा** | | | | |